बागमती प्रदेश सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रदेश दुग्ध विकास बोर्ड

हेटौंडा, नेपाल ।

## प्रस्ताव आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः- २०८१/०७/०२

सूचना नं.-०३

प्रदेश दुग्ध विकास बोर्ड, बागमति प्रदेश, हेटौंडाको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्यक्रम कार्यान्वयनको लागि सहभागी हुन ईच्छुक आवेदक संस्थाबाट प्रस्ताव माग गर्न यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र कार्यालय समय आइपुग्ने गरी तपसिलमा उल्लेखित कागजात सहित यस बोर्ड वा जिल्लास्थित पशु सेवा कार्यालयमा प्रस्ताव दर्ता गर्नु हुन सुचित गरिन्छ । सारित नपुगी दर्ता भएका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौट प्रकृयामा समावेश गरिने छैन।

तपसिल

| क. स. | कार्यक्रमको नाम | आवेदक | कार्यविधि |
|---|---|---|---|
| १ | उत्पादनमा प्रविधि एवम् यन्त्र सहयोग कार्यक्रम | कृषक समूह, दूधको कारोवार गर्ने सहकारी संस्था, निजी कृषि फर्म, कृषि उद्यमी | कृषि यान्त्रिकरण तथा प्रविधि प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ |
| २ | ग्रामिण क्षेत्रका कृषक समुह/सहकारीहरुका लागि Milk Collection Bank स्थापना | कृषक समुह वा सहकारी संस्था | दूध संकलन बैंक स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७९(प्रथम संशोधन। |

पेश गर्नुपर्ने कागजातहरु:

१. रु. १० को टिकट टाँस गरिएको अनुसुचि -२ बमोजिमको आवेदन पत्र

२. सहकारी संस्था/कृषक समुह दर्ता प्रमाण पत्रको प्रतिलिपि,

३. आवेदकको PAN वा VAT प्रमाण पत्रको पत्रलिपि,

४. कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,

५. Milk Collection Bank को हकमा अनुसुचि-३ बमोजिम कार्यक्रमको संक्षिप्त व्यवसायिक कार्ययोजना,

६. Milk Collection Bank को हकमा अनुसुचि-४ बमोजिमको दोहोरो सुविधा नलिएको सम्वन्धी स्वघोषणा,

७. कार्यक्रममा सहभागि हुने संस्थाको निर्णयको प्रतिलिपी,

८. Milk Collection Bank को कार्यक्रम कार्यान्वयन हुने स्थानको विवरण सहित कम्तिमा दुई थान फोटो,

९. सहकारी संस्थाको हकमा लेखा परिक्षणको प्रतिलिपी

१०. कृषि यान्त्रिकरणको हकमा अनुसुचि-३ बमोजिमको प्रतिवद्धता पत्र,

११. कृषि यान्त्रिकरणको हकमा मेशिनरी औजार संन्चालन तथा मर्मत सम्वन्धी तालिम लिएको भए सो प्रमाण पत्रको प्रतिलिपि,

१२. कृषि यान्त्रिकरणको हकमा संस्था नविकरणको प्रमाणको प्रतिलिपि वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरीने कर अद्यावधिक भएको पत्र

१३. कृषि यान्त्रिकरणको हकमा आवेदन प्रकृयाको लागि जिम्मेवारी दिइ खटाउने पदाधिकारीलाई अख्तियारी पत्र र नागरिकता प्रमाण पत्र प्रतिलिपि

१४. कृषि यान्त्रिकरणको हकमा आवेदकले अनुसुचि-४ बमोजिम न्यूनतम मापदण्ड पूरा गरेको प्रमाण खुल्ने कागजात

नोटः- थप जानकारीको लागी बोर्डको फोन नं. ०५७-५९०५९१,०५७-५९०४९१ मा सम्पर्क राख्नु हुन र वेभसाईट pddb.bagamati.gov बाट सम्वन्धित कार्यविधि डाउनलोड गरी विस्तृत जानकारी लिन सकिने छ।

कार्यालय प्रधान